संघीय संसद
अर्थ समिति

मिति: २०७५।०८।१८

बैठक संख्या: १५

समय: बिहान ११ बजे

मिति २०७५।०८।१८ गते बसेको समितिको बैठकमा प्रतिनिधि सभाको मिति २०७५।०५।०४ गते बसेको बैठकबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम “निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत भई यस समितिमा दफावार छलफलको लागि प्राप्त भएको उक्त विधेयकमा माननीय अर्थ मन्त्री, संशोधनकर्ता मा. सदस्यहरु, अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि वीच छलफल भयो ।

संघीय संसद

अर्थ समिति

मिति: २०७५।०८।१८

बैठक संख्या: १६

समय: दिनको १२:४५ बजे

मिति २०७५।०८।१८ गते बसेको समितिको बैठकमा प्रतिनिधि सभाको मिति २०७५।०५।०४ गते बसेको बैठकबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" लाई दफावार छलफलकोलागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत भई यस समितिमा दफावार छलफलको लागि प्राप्त भएको उक्त विधेयकमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि वीच छलफल भयो ।

संघीय संसद

अर्थ समिति

मिति: २०७५।०८।१८

बैठक संख्या: १७

समय: दिनको १:०० बजे

मिति २०७५।०८।१८ गते बसेको समितिको बैठकमा प्रतिनिधि सभाको मिति २०७५।०५।०४ गते बसेको बैठकबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत भई यस समितिमा दफावार छलफलको लागि प्राप्त भएको उक्त विधेयकमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि वीच दफावार छलफल भई देहाय बमोजिम निर्णय गरियो:

१. विधेयकको दफा १२ को उपदफा (२) मा रहेका "भुक्तानी गरिनेछ" भन्ने शब्दहरुको सट्टा "भुक्तानी गर्नेछ" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा १२ को उपदफा (३) झिक्ने ।

३. विधेयकको दफा १४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:

> "(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भईसकेको अवस्थामा त्यस्तो कर्मचारीलाई हेरचाह गर्ने निजको हकवाला वा त्यस्तो हकवाला पनि नभए प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो रकम पाउनेछ ।"

४. विधेयकको दफा ३३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ ।

> "(३) उपदफा (२) बमोजिम कानून बनाउदा यस ऐन बमोजिम कोष मार्फत योगदानमूलक निवृत्तभरण प्रणाली लागू हुने गरी व्यस्था गर्न सकिनेछ ।"